# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४०७ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषयः- **कार्गो परमिट जारी गर्ने व्यवस्था बारे ।**

महाशय

नेपाली निर्यातकर्ताहरूले विदेशमा सि.एण्ड.एफ. (C&F) वा फ्रेट प्रिपेड (Freight Pre-paid) को आधारमा सामान निर्यात गर्दा लाग्ने ढुवानी खर्चको लागि यस बैंकवाट लिनुपर्ने अनुमति मिति २०४८/१०/१ गतेदेखि सम्वन्धित बैंकलेनै प्रदान गर्नुपर्ने व्यवस्था रहि आएको छ । यस्तो ढुवानी अनुमति जारी गर्दा वा ढुवानी भुक्तानी प्रदान गर्दा सम्बन्धित बैंकले (क) प्रतीतपत्रमा ढुवानी भाडा सम्बन्धमा स्पष्ट व्यवस्था भएको, (ख) सम्बन्धित ढुवानीकर्ताको ढुवानी रकम खुल्ने कोटेशन भएको, (ग) भंसार प्रज्ञापनपत्र पेश गरेको, (घ) निर्यातकर्ताले पेश गरेको इन्भ्वाइस (Invoice)मा उल्लिखित रकमले अग्रीम भुक्तानी (Advance Payment) वा प्रतितपत्रमा ढुवानी वापत उल्लिखित रकमलाई खामेको र (ङ) प्रतीतपत्रको म्याद बाँकी रहेको भएमा सो सम्पूर्ण कागजातहरू हेरी जाँची हवाइ भाडाको लागि ढुवानी अनुमति पत्र जारी गर्नु/गराउनु हुन र जलमार्गबाट हुने ढुवानीको हकमा सम्बन्धित विदेशी शिपिङ्ग कम्पनीको नाममा एकाउन्टपेयी चेक/ड्राफ्टबाट सटही उपलब्ध गराउन सकिने व्यवस्था रहेको हुँदा निम्न वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१) ढुवानी अनुमतिपत्र जारी गर्दा वा ढुवानीको भुक्तानी गर्दा यसैसाथ संलग्न नमूना "क" बमोजिम हुनुपर्नेछ र सोको बोधार्थ नमूना "ख" बमोजिमको भुक्तानी विवरणसंग निर्यातकर्ताले पेश गरेको इन्भ्वाइस (Invoice) को एकप्रति संलग्न गरी नियमित रुपले यस बैंकमा पठाउनु पर्नेछ । जलमार्गवाट हुने ढुवानीको लागि सम्वन्धित शिपिङ्ग कम्पनीको काठमाडौंस्थित एजेन्टमार्फत ढुवानी गरिने हो भने नमूना "क" वमोजिमको अनुमतिपत्र जारी गर्नुपर्नेछ ।

२) यदि प्रतीतपत्रमा हाउस एयरवेबील (House Airwaybill) स्वीकार्य हुने व्यहोरा उल्लेख गरिएको छ भने लेटेष्ट शिपमेन्ट (Latest Shipment) मिति नाघे पनि प्रतीतपत्रको म्याद (Validity) रहेसम्म यस प्रकारको ढुवानी अनुमति दिन मिल्ने छ । तर, नेपाली वा भारतीय ढुवानीकर्ताहरूलाई भने यस्तो अनुमति अन्तर्गत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न पाइने छैन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४०७ प्रयोजनको लागि)

## नमूना क

### हवाई/जलमार्गबाट हुने ढुवानीका लागि

**सबै एयरलाइन्स तथा ट्राभल एजेन्सीहरु/नेपालमा दर्ता भएको शिपिङ्ग एजेन्टको नाम**

विषयः हवाई/जलमार्ग भाडाको अनुमतिपत्र वारे ।

महाशय,

................................................................... ले अनुरोध गरेमा अमेरिकी डलर ................. सम्मको ढुवानी खर्च रुपैयाँमा भुक्तानी लिन यो पत्र जारी गरिएको छ ।

भवदीय,

बोधार्थः-
श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

उपरोक्त ढुवानी पत्र सम्वन्धी विवरणहरु निम्नानुसार भएको व्यहोरा प्रमाणित गरिन्छ :

१. प्रतीतपत्र वा अग्रीम भुक्तानी उल्लेख गर्ने :
२. सोको नं.:
३. सो पठाउने बैंकको नाम र ठेगाना :
४. विदेशी आयातकर्ताको नाम र ठेगाना :
५. निर्यातकर्ताको नाम र ठेगाना :
६. रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट
७. यसभन्दा पहिले उपयोग भैसकेको भए सोको रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट
८. प्रतीतपत्र वा अग्रीम भुक्तानीमा उल्लिखित :
   (क) लेटेष्ट शिपमेण्ट डेट
   (ख) भ्यालिडिटि डेट
९. भन्सार प्रज्ञापनपत्रमा उल्लिखित :
   (क) मिति
   (ख) एफ. ओ. वि. मूल्य
१०. अन्य :

...............................................
अख्तियारप्राप्त अधिकारीको दस्तखत
बैंकको छाप

(इ.प्रां. परिपत्र संख्या- ४०७ प्रयोजनको लागि)

## नमूना ख

### जलमार्गबाट हुने ढुवानीका लागि

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

विषयः **जलमार्गबाट हुने ढुवानीको लागि प्रदान गरिएको भुक्तानी विवरण ।**

महाशय,

...................................... ले अनुरोध गरे अनुसार .................................. भुक्तानी पाउने गरी ................. को एकाउण्टपेयी चेक/ड्राफ्ट उपलब्ध गराइएको छ । सो सम्वन्धी निम्नानुसार भएको व्यहोरा प्रमाणित गरिन्छ :

१. प्रतीतपत्र वा अग्रीम भुक्तानी उल्लेख गर्ने :

२. सोको नं.:

३. सो पठाउने बैंकको नाम र ठेगाना :

४. विदेशी आयातकर्ताको नाम र ठेगाना :

५. निर्यातकर्ताको नाम र ठेगाना :

६. रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट

७. यसभन्दा पहिले उपयोग भैसकेको भए सोको रकम :
   (क) एफ. ओ. वि.
   (ख) फ्रेट

८. प्रतीतपत्र वा अग्रीम भुक्तानीमा उल्लिखित :
   (क) लेटेष्ट शिपमेण्ट डेट
   (ख) भ्यालिडिटि डेट

९. भन्सार प्रज्ञापनपत्रमा उल्लिखित :
   (क) मिति
   (ख) एफ. ओ. वि. मूल्य

१०. ढुवानी गर्ने शिपिङ्ग कम्पनीको नाम र ठेगाना :

११. अन्य :

..............................................
अख्तियारप्राप्त अधिकारीको दस्तखत